रुरुक्षेत्र गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः०६ संख्याः १ मितिः २०७९/०३/१९(अतिरिक्तांक)

भाग-१

रुरुक्षेत्र गाउँपालिका

गुल्मी, लुम्बिनी प्रदेश

## रुरुक्षेत्र गाउँपालिका

## एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम

## कार्यान्वयन कार्यविधि, २०७९

सम्बत २०७९ को *कार्यविधि* नं. १ गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :२०७९/*०३/१९*

# रुरुक्षेत्र गाउँपालिका

# एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम

# कार्यान्वयन  कार्यविधि,२०७९

<u>प्रस्तावना :</u> राष्ट्रिय युवा नीति, २०७२ र युथ भिजन २०२५ निर्देशित गरेअनुसार उद्यमशिलता मार्फत् सार्वजनिक शिक्षाको सबलीकरणका लागि शैक्षिक संस्था मार्फत् "एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम" लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उद्देश्यले रुरुक्षेत्र गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> १) यो कार्यबिधिको नाम "एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७९" रहेको छ ।

२) यो कार्यबिधि रुरुक्षेत्र गाउँपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमाः -

क) "एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम" भन्नाले रुरुक्षेत्र गाउँपालिका भित्रका प्राविधिक तथा व्यावसायिक धार /शिक्षा लागु भएका वा नमुना सामुदायिक माध्यमिक बिद्यालयहरुमा उद्यमशीलता विकासका लागि सञ्चालित कार्यक्रम सम्झनु  पर्दछ ।

ख) "अध्यक्ष" भन्नाले रुरुक्षेत्र गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

ग) "उपाध्यक्ष "भन्नाले रुरुक्षेत्र गाउँपालिका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

घ) "मन्त्रालय" भन्नले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्दछ ।

ङ ) "शैक्षिक संस्था" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागू भएका शैक्षिक संस्था सम्झनु पर्दछ ।

च)"बिद्यार्थी उद्यमी क्लब" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम संचालनका लागि गठन गरिएको बिद्यार्थी उद्यमी क्लब सम्झनु पर्दछ ।

छ) "उद्यम कोष" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागू भएका शैक्षिक संस्थामा उद्यम सञ्चालनका लागि स्थापित कोष सम्झनु पर्दछ ।

ज)"उद्यम कोष सञ्चालक समिति" भन्नाले उद्यम कोष सञ्चालन गर्ने समितिलाई सम्झनु पर्दछ ।

झ) "संरक्षक समिति" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको संरक्षणका लागि गठित समिति सम्झनु पर्दछ ।

ञ) "साझेदार संस्था" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालनका लागि प्राविधिक सेवा र सहयोग उपलब्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई सम्झनु पर्दछ ।

ट) “पूर्व बिद्यार्थी मञ्च” भन्नाले विगतमा सम्बन्धित शैक्षिक संस्था अध्ययन गरी हाल विभिन्न निकाय तथा क्षेत्रमा रहेका विद्यार्थीहरुबाट गठन भएको मञ्च सम्झनु पर्दछ ।

ठ) “विज्ञ” भन्नाले सम्बन्धित बिषयमा ज्ञान, सीप, अनुभव र दक्षता भएको व्यक्ति सम्झनु पर्दछ ।

ड) “बिद्यार्थी कल्याण कार्यक्रम” भन्नाले बिद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्ने बिद्यार्थी प्रोत्साहनका कार्यक्रमहरु सम्झनु पर्दछ ।

ढ)“प्राविधिक तथा व्यावसायिक धार” भन्नाले विद्यालय तहमा (कक्षा ९-१२) प्राविधिक तथा व्यावसायिक शिक्षा लागु विद्यालय सम्झनु पर्दछ ।

ण) “सामुदायिक विद्यालयमा प्रविधिक शिक्षा” भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट स्वीकृती लिई सञ्चालन भएका साकुदायिक माध्यमिक विद्यालय सम्झनु पर्दछ ।

त) “नमुना विद्यालय” भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट नमुना विकासका लागि छनौट गरेका विद्यालय साथै सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहले छनौट गरेका सामुदायिक माध्यमिक विद्यालय सम्झनु पर्दछ ।

३. <u>उद्देश्य:</u> एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको प्रमुख उद्देश्य उद्यमशिलता मार्फत् सार्वजनिक शिक्षाको सबलीकरण गर्नु हो भने अन्य उद्देश्यहरु देहायबमोजिम रहेका छन् ।

क) शैक्षिक संस्था मार्फत सामाजिक रुपान्तरण गर्ने ।

ख) शैक्षिक संस्थालाई उद्यम गर्ने सिकाई स्थलको रुपमा विकास गर्ने ।

ग) सार्वजनिक शिक्षामा गुणस्तर, नवप्रवर्तन तथा उद्यमशिलता विकास गरी शैक्षिक रुपान्तरण गर्ने ।

घ) सार्वजनिक शिक्षाको सवलीकरण गर्ने।

४. <u>लक्षित शैक्षिक संस्था:</u> देशभरीका प्राविधिक तथा व्यावसायिक धार/शिक्षा लागू भएका वा नमुना सामुदायिक माध्यमिक विद्यालयहरु लक्षित शैक्षिक संस्था हुनेछन् ।

५. <u>उद्यम क्षेत्र :</u> शैक्षिक संस्थाले उद्यम गर्न सकिने व्यावसायिक क्षेत्रहरु देहाय बमोजिम रहने छन् ।

क) कृषि तथा पशुपंक्षीमा आधारित उद्यम व्यावसाय,

ख) बन (जडीबुटी,बनपैदावार) मा आधारित उद्यम व्यावसाय,

ग) विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा आधारित उद्यम व्यावसाय

घ) पर्यटन प्रर्बधन(होटल,होमस्टे,रिसोर्ट) मा आधारित उद्यम व्यावसाय ,

ङ) निर्माणमा आधारित उद्यम व्यावसाय,

च) कलामा आधारित उद्यम व्यावसाय,

छ) संस्कृति ,साहित्य सृजना,गीत संगीतमा आधारित भई गरिने उद्यम व्यावसाय,

ज) विद्यालयले आवश्यकता महसुस गरी छनौट गरिने अन्य उद्यम व्यावसाय

६. **बिद्यार्थी उद्यमी क्लब :** १) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागू गरिएका विद्यालयमा कक्षा ९, १०, ११ र १२ कक्षामा अध्ययनरत छात्र तथा छात्रा तर्फको प्रथम विद्यार्थी तथा विद्यालयले तोकेको अन्य ७ जना विद्यार्थी सम्मिलित १५ सदस्यीय विद्यार्थी उद्यमी क्लब रहनेछ ।

२) बिद्यार्थी उद्यमी क्लबको काम,कर्तव्य र अधिकार देहाए बमोजिम हुनेछ ।

क) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन, रेखदेख र व्यावस्थापन गर्ने ।

ख) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालनको लागि सरोकारवालाहरु सँग सहकार्य, समन्वय साझेदारी गर्ने

ग) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको लागि उपयुक्त उद्यम छनौट गर्ने ।

घ) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको कार्ययोजना बनाई छनौट गर्ने ।

ङ ) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको प्रोफाइल बनाई अभिलेख अद्यावधिक गर्ने ।

च) कम्तीमा बर्षको २ पटक अभिभावकहरुलाई सम्बनधित उद्यमको विषयमा अभिमुखीकरण गर्ने ।

छ) उद्यम कोषबाट थप उद्यम विस्तार, उद्यमशिलता विकास तथा विद्यार्थी कल्याणका कार्यक्रम गर्ने ।

७. **उद्यम कोषको सञ्चालन :** १) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागू भएका शैक्षिक संस्थामा उद्यम सञ्चालनका लागि स्थापित उद्यम कोष रहनेछ । उक्त कोष सञ्चालन गर्नको लागि देहाय बमोजिम उद्यम कोष सञ्चालक समिति रहनेछ ।

क) विद्यालयको प्रध्यानाध्यापक -अध्यक्ष

ख) उद्यमी विद्यार्थी क्लबका अध्यक्ष -सदस्य

ग) विद्यालयको लेखा हेर्ने कर्मचारी -सदस्य सचिव

२) उद्यम कोष सञ्चालक समितिको काम कर्तव्य अधिकारबमोजिम हुनेछ ।

क) उद्यम कोष सञ्चालन, रकम परिचालन र लेखाङ्कन गर्ने ।

ख) उद्यम कोषको आम्दानीबाट बिद्यार्थी कल्याणका कार्यक्रम गर्न ५० प्रतिशतमा नबढ्ने गरी रकम निकासा गर्ने ।

ग) उद्यम कोषको विस्तार, संरक्षण, संवर्द्धन गर्ने ।

घ) उद्यम कोषमा जम्मा भएको रकमको उच्चतम सदुपयोग गर्ने ।

ङ) अन्य आवश्यक कामहरु गर्ने गराउने ।

३) उद्यम कोषमा देहाय बमोजिमको रकम जम्मा गर्नुपर्नेछ ।

क) शैक्षिक संस्थामा अध्ययनरत विधार्थीका अभिभावकहरुबाट उद्यम गर्न बार्षिक रुपमा संकलित रकम

ख) प्रदेश सरकारबाट प्राप्त अनुदान

ग) उद्यमबाट प्रप्त आम्दानी

घ) पूर्व विद्यार्थी मञ्चबाट उद्यम सञ्चालनार्थ स्वेच्छिक रुपमा प्राप्त रकम

ङ) सम्बन्धित स्थानीय तहबाट प्राप्त रकम

च) अन्य व्यक्ति संघसंस्थाबाट अनुदान स्वरुप प्राप्त रकम

४) उद्यमकोषबाट देहायनुसार खर्च गर्न सकिनेछ । उद्यम कोषको सम्पुर्ण आम्दानी उद्यम सञ्चालन , विस्तार तथा प्रवर्द्धनमा खर्च गर्नु पर्नेछ । उद्यम कोषको आम्दानीको ५० प्रतिशतमा नबढ्ने गरी विद्यार्थी कल्याणका कार्यकममा खर्च गर्न सकिनेछ ।

८. **संरक्षक समितिको गठन** :१) एक शैक्षिक संस्था एक उद्यम कार्यकमको संरक्षकका रुपमा देहाय बमोजिम एक संरक्षक समिति रहनेछ :

क) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष -अध्यक्ष

ख) विद्यालय रहेको वडाको वडाध्यक्ष वा निजले तोकेको व्यक्ति -सदस्य

ग) विद्यालयको प्रध्यानाध्यापक -सदस्य सचिव

२) संरक्षक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) अभिभावकहरुलाई कार्यकमको विषयमा अभिमुखीकरण गरी उद्यम कोषमा रकम जुटाउने

ख) एक शैक्षिक सस्था एक उद्यम कार्यकमलाई आवश्यक पर्ने सहयोग जुटाउने ।

ग) विद्यार्थी उद्यमीक्लबलाई उद्यम सञ्चालनको लागि सबै प्रकारको सहजीकरण, क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने गराउने

घ) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको समग्र अनुगमन मूल्याङ्कन तथा उद्यम प्रोफाइल तयार गरी सम्बन्धित निकायमा पेश गर्न लगाउने ।

९. **शैक्षिक संस्था छनौटका आधारहरुः** (१) दफा ६ मा उल्लेखित उद्यम क्षेत्रहरु मध्ये कुनै एक क्षेत्रमा उद्यम गर्न इच्छुक शैक्षिक संस्थालाई उद्यम सञ्चालन गर्नका लागि देहायका छनौटका आधारहरु निर्धारण गरिएको छ ।

| क.स | छनौटका आधारहरु | बढीमा १०० अंक |
|---|---|---|
| १ | उद्यम परियोजना प्रस्ताव | ४० |
| २ | उद्यमकोष स्थापना भएको | १० |

| | | |
|---|---|---|
| ३ | उद्यमी विद्यार्थी क्लबको गठन भएको | ५ |
| ४ | पूर्व विद्यार्थी मञ्च गठन भएको | ५ |
| ५ | सम्बन्धित पालिकाको सिफारिस | ५ |
| ६ | विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता | ५ |
| ७ | भौतिक पूर्वाधार (पानी, विजुली जग्गा | २० |
| ८ | माध्यमिक तहको विद्यार्थी संख्या (९-१२) | १० |

(२) प्राविधिक तथा व्यवसायिक धार/शिक्षा लागू भएका नमुना सामुदायिक माध्यमिक विद्यालयलाई विशेष प्राथमिकता दिईने छ ।

१०. **सूचना प्रकाशनः** (१) एक शैक्षिक संस्था एक उद्यमका र्यक्रममा सहभागिताका लागि रुरुक्षेत्र गाँउपालिकाको कार्यालयबाट इच्छुक शैक्षिक संस्थाहरुको जानकारीका लागि ३० दिने सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न चाहने विद्यालयहरुले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन र अनुसूची २ बमोजिमको ढाँचामा उद्यमको व्यवसायिक परियोजना प्रस्ताव पेश गर्नुपर्नेछ ।

३) शैक्षिक संस्था छनौट समितिः रुरुक्षेत्र गाँउपालिकाको कार्यालयमा प्राप्त भएका प्रस्ताव र व्यवसायिक योजना मूल्याङ्कन गरी छनौट गर्न सम्बन्धित क्षेत्रको विज्ञ समेत रहने गरी कम्तीमा तीन सदस्य समितिमार्फत् शैक्षिक संस्था छनौट गर्नुपर्ने ।

४) शैक्षिक संस्था छनौट समितिले जिल्ला युवा समितिका अध्यक्षलाई अनिवार्य रुपमा आमन्त्रण गर्नुपर्नेछ ।

५) शैक्षिक संस्था छनौट समितिको बैठक सम्बन्धी कार्यविधि र छनौट सम्बन्धि आवश्यकता मापदण्ड सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६)शैक्षिक संस्था छनौट समितिले प्राप्त उद्यम परियोजना प्रस्ताव उपर छानविन तथा आवश्यकता अनुसार विद्यालयहरुको स्थलगतअनुगमन समेत गर्न सक्नेछ ।

११. **उद्यम सम्झौताः** (१) शैक्षिक संस्था छनौट समितिबाट छनौट भएका शैक्षिक संस्था र गाउँपालिकाबीच तोकिए बमोजिमको ढाँचामा द्धिपक्षीय सम्झौता गरिनेछ ।

१२. **प्रतिवेनः** (१) शैक्षिक संस्थाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न गरेको सम्झौता भएको एक महिनाभित्र प्रारम्भिक प्रतविदन सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्नेछ । त्यसपछि चौमासिक रुपमा वित्तीय र भौतिक प्रगति पठाउनु पर्नेछ ।

१३. **लेखा परीक्षणः** (१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा र छुट्टै राख्नु पर्नेछ ।

२) उद्यमको आर्थिक कारोवारको लेखापरीक्षण शैक्षिक संस्थाले सूचिकृत गरेका दर्तावाल लेखा परीक्षकमध्ये बाट गराउनु पर्नेछ ।

३) लेखा परीक्षकको कारोवारको लेखा परीक्षण गरी सार्वजनिक गर्ने दायित्व सम्बन्धित शैक्षिक संस्थाको हुनेछ ।

१४. **अनुगमन तथा मूल्याङ्कन**: (१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको अनुगमन सम्बन्धित अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र सम्बन्धित स्थानीय तहबाट समेत गरिनेछ । यसको अभिलेख विद्यार्थी उद्यमी क्लबले राख्नुपर्नेछ ।

२) आवश्यकता अनुसार प्रदेश सरकार र केन्द्रिय निकाय तथा सरोकारवाला पक्षबाट पनि कार्यक्रमको प्रभावकारिताका लागि अनुगमन निरीक्षण र अध्ययन समेत गरी पृष्ठपोषण तथा सुझावहरु लिन सक्नेछ ।

**१५. पुरस्कार :** गाउँपालिकाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमलाई प्रभावकारी र नतिजामुखी बनाउन निम्न सुचकका आधारमा उच्चतम अङ्क हाँसिल गर्ने शैक्षिक संस्थालाई नगद पुरस्कार तथा प्रमाण पत्र प्रदान गर्न सक्नेछ।

क) अधिकतम रोजगार सिर्जनाको अवस्था ,

ख) स्थानिय स्रोत र साधनको अधिकतम प्रयोग

ग) निर्यातमा वृद्धि र आयात प्रतिस्थापनमा पुऱ्याएको ,

घ) उत्पादन गरिएका सामाग्रीहरुको गुणस्तर,

ङ) उद्यम मार्फत नवप्रवर्द्धन तथा उद्यमशिलता विकास ,

च) अभिभावक, स्थानीय समुदाय तथा क्षेत्रमा पारेको सकारात्मक प्रभाव,

छ) उद्यम कोषमा भएको वृद्धिको अवस्था,

ज) कार्ययोजना अनुसार कार्य सम्पादन ।

**१६.दण्ड सजाय:** १) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रममा छनौट भएको शैक्षिक संस्थाले प्रस्ताव गरिए बमोजिमको सम्झौता गर्न नआएमा त्यस्ता शैक्षिक संस्थालाई पालिकाबाट सञ्चालन गरिने कार्यक्रमहरुमा सहभागि गराइने छैन ।

२) शैक्षिक संस्थासँग सम्झौता भईसकेपछि सम्झौता अनुसार गुणस्तरीय कार्य सम्पन्न नगरेमा तथा दिइएको वजेट हिनामिना गरेमा उक्त शैक्षिक संस्थावाट क्षतिपूर्ति समेत भराई प्रचलित कानुन बमोजिम आवश्यक कारवाही गरिनेछ ।

**१७.विविध :** यस कार्यबिधि बमोजिम एक शैक्षिक संस्था एक उद्यम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ ।

**१८.निर्देशनको पालना :** संघ, प्रदेश तथा स्थानयि सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

**१९.कार्यढाँचा संसोधन गर्न सक्ने :** आवश्यकता अनुसार गाउँ कार्यपालिकाबाट कार्यढाँचा संसोधन गर्न सकिनेछ ।

**२०. वाधा अड्काउ फुकाउने:** यो कार्यक्रम कार्यान्वयनको क्रममा यस अघि भएका सम्बन्धित कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ । कुनै बाधा आइपरेमा गाउँ कार्यपालिकाबाट बाधा अड्काउ फुकाउन सकिनेछ ।

# अनुसूची -१

(दफा ११ को उपदफा २ सँग सम्बन्धित)

## एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न चाहने विद्यालयहरुको लागि निवेदनको ढाँचा)

श्रीमान् अध्यक्ष ज्यु,

रुरुक्षेत्र गाउँपालिका,

……………………………….।

महोदय,

त्यस पालिकाबाट मिति……………….मा प्रकाशित सूचना अनुसार हाम्रो विद्यालयमा “एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम” सञ्चालन गर्ने ईच्छा भएकोले निम्न विवरण सहित देहायका कागजातहरु संलग्न गरी यो प्रस्ताव पेश गरिएको छ ।

१. विद्यालयको नाम र ठेगानाः

२. प्राविधिक तथा व्यावसायिक धार/शिक्षा भए बिषय र नमुना विकासको लागि छनैट भएको मिति :

३. प्रधानाध्यापकको नामर सम्पर्क नं. :

४. उद्यमी विद्यार्थी क्लबका अध्यक्षको नाम र सम्पर्क न.:

५. उद्यम गर्न चाहेको व्यावसायिक क्षेत्र :

६. कक्षागत विधार्थी विवरण (कक्षा ९-१२)

७ जग्गा सम्बन्धी विवरण :

क. विद्यालयको नाममा रहेको :

ख.विद्यालयको हकभोग प्राप्त :

ग. वर्तमानमा उपयोगको अवस्था :

घ. भौतिक पूर्वाधार सम्बन्धि विवण

१.कक्षाकोठा संख्या :

२. कक्षाकोठा उपयोगको अवस्था :

३. प्रयोगशाला को अवस्था :

४. पानी विजुलीको उपलब्धता

ङ. उपलब्ध अन्य साधन स्रोतको विवरण :

च .उद्यम कोष सम्बन्धि विवरण :

१. कोष रहेको बैंकको नामः

२. कोष सञ्चालकहरुको नामः

३.खाता नं.

| | |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर : |
| उद्यमी विद्यार्थीक्लब अध्यक्षको नाम : | प्रध्यानाध्यापकको नाम : |
| मिति : | मितिः |

नोटः व्यावसायिक परियोजना प्रस्ताव अलग्गै पेश गर्नु पर्नेछ ।

## अनुसूची २

(दफा ११ को उपदफा २ सँग सम्वन्धित)

### व्यावसायिक परियोजना प्रस्तावको नमुना ढाँचा

| क.स | विवरण | विवरणको विस्तृतीकरण |
|---|---|---|
| १ | उद्यमको नाम, संक्षिप्त परिचय र उद्देश्य | विधार्थी उद्यमी क्लबकको नामः......................................<br>उद्यमको संक्षिप्त परिचय (उद्यमको नाम,पृष्ठभूमि)...............<br>उद्यमको उद्देश्य .........................<br>उद्यमको क्षेत्र ......................<br>उद्यमबाट उत्पादन हुने बस्तुको नाम ........................... |
| २ | उद्यम सञ्चालन हुने स्थान | प्रदेश...........................जिल्ला............गापा/नपा..............<br>वडा नं.......................... टोल............... |
| ३ | उद्यममा संलग्न हुने अनुमानित जनशक्ति | छात्र.......................<br>छात्रा....................<br>जनशक्तिको प्राप्ति...................(स्थानिय स्तर वा ) |
| ४ | प्रयोग हुने कच्चा पदार्थ | कच्चा पदार्थको नाम............................<br>स्रोत(स्थानिय स्तर वा बाह्य)................... |
| ५ | प्रयोग हुने मेसिनरी औजारको विवरण | नाम.......................................<br>अनुमानित लागत...................................<br>स्रोत.......................... (बाह्य/स्थानिय) |
| ६ | उद्यमका लागि अनुमानित लागत | कुल रु...................<br>चल पुँजी रु.................<br>अचल पुँजी रु....................<br>अचल पुँजिको नाम ..........<br>आफ्नो लागानी................<br>बाह्य लगानी............. |
| ७ | उत्पादित वस्तुको बजार क्षेत्र | बजारको नाम ................................<br>(स्थानीय /जिल्ला/प्रदेश/राष्ट्रिय)<br>दुरी........................<br>ढुवानी खर्च .....................<br>लक्षित ग्राहकहरु |

| | | |
|---|---|---|
| | | प्रतिस्पर्धाको अवस्था................<br>बजार विकासको सम्भावना |
| ८ | व्यावसायबाट हुने अनुमानित आम्दानी | जम्मा वार्षिक अनुमानित आम्दानी रु...........<br>जम्मा अनुमानित वार्षिक खर्च.................................<br>वार्षिक अनुमानित नाफा रु................................ |
| ९ | रोजगारी पाउने विद्यार्थी अनुमानित संख्या (विद्यार्थी उद्यमी क्लब बाहेक) | छात्र.................................<br>छात्रा.........................<br>अन्य.................<br>जम्मा.......................... |
| १० | उद्यम सञ्चालन गर्न आवश्यक प्रविधिक जनशक्तिको उपलब्धता | उपलब्ध रहेको ...................................<br>उपलब्धता नरहेको................................... |
| ११ | अन्य (प्रविधिको प्रयोग) | ........................ |
| १२ | उद्यमको कार्यान्वियन योजना (५ वर्षको ) | .................... |

नोट : यो व्यावसायिक योजना एउटा नमुना हो उल्लेखित विवरणहरु नछूटाई थप विस्तृत विवरण समावेश गरी सृजनात्मक रुपमा व्यावसायिक योजना बनाउन सकिनेछ ।

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :२०७९। ०३ ।१९

आज्ञाले
मधुकृष्ण पौडयाल
प्रमुख प्रशासकीय अधिकृत